यस व्यास नगरपालिकाको १५३ औं बैठक आज मिति २०७९/८/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

**प्रस्ताव नं.१ : मिति २०७९/७/२२ को कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।**
**प्रस्ताव नं.२ : आ.व. २०७९/०८० को योजनाहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।**
**प्रस्ताव नं.३ : कृषि तथा गैह्रकृषि क्षेत्रको जग्गा वर्गीकरण सम्बन्धमा ।**
**प्रस्ताव नं.४ : जग्गा दर्ता सम्बन्धी निस्सा वितरण सम्बन्धमा ।**
**प्रस्ताव नं.५ : नगरपालिकाका ग्रामिण क्षेत्रमा एकिकृत घुम्ती सेवा सञ्चालन सम्बन्धमा ।**
**प्रस्ताव नं.६ : सुरक्षित आवास अन्तर्गत विवरण पठाउने सम्बन्धमा ।**
**प्रस्ताव नं.७ : घर कायम एवं अभिलेखीकरण सम्बन्धमा ।**
**प्रस्ताव नं.८ : कर्मचारीहरुको तह कायम र तह बृद्धि सम्बन्धमा ।**
**प्रस्ताव नं.९ : प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/७/२२ गतेको बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७९/०८० का लागि नगरसभाबाट निर्णय भएका योजनाहरुलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरालिकाभित्रका कृषि तथा गैह्र कृषि जग्गाहरुको २०७९/८/१८ गतेभित्र एकिन गर्नका लागि सम्बन्धित वडाका राजनैतिक दलका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, निवर्तमान जनप्रतिनिधि, प्राविधिक सम्मिलित अन्तरक्रिया कार्यक्रम गरी अन्तिम टुङ्गो गर्न सबै वडा समिति र व्यास नगर घर नक्सा शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्रका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरुको वडा नं. १, २, ३, १० को निस्सा वितरण भई सकेको र आम निर्वाचनका कारणले वडा नं. ४, ५, ६, ७, ८, ९, ११, १२, १३ र १४ को निस्सा वितरण गर्न बाँकी रहेकाले यस महिनाभित्र बाँकी वडाहरुको निस्सा वितरण कार्य सम्पन्न गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्रका ग्रामिण क्षेत्रमा पशुपंक्षी, कृषि सम्बन्धी मानवीय आधारमा स्वास्थ्य परीक्षण, जन्म-मृत्यु, बसाई-सराई लगायतका पञ्जिकरणका कार्यमा सेवा दिनका लागि सम्बन्धित चिकित्सक कर्मचारी सहितको घुम्ती सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्थापना हुनु अघि (२०४८ चैत्र ३० गते अगाडी) र राज्य पुनसंरचना हुँदा यस नगरपालिकामा समावेश भएका केशवटार, पोखरीभञ्ज्याङ्ग, घाँसीकुवा, तनहुँसुर, श्याम्घा, क्यामिन र सतिश्वाँरा गा.वि.स. मा २०७३ फाल्गुण अघि बनेका घरहरु अझै अभिलेखमा नआई घर कायम हुनै बाँकी भएकाले त्यस्ता घरहरुको २०८० असार मसान्तसम्म अभिलेख लिई घर कायम नभएका घरहरु घर कायम गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा निर्वाचन क्षेत्र नं. १ अन्तर्गत व्यास नगरपालिकाका वडा नं. १, २, ३, ४, ७, ८, ९, १०, ११, १२, १३ र १४ का बाह्र वटा वडाहरुका लागि सुरक्षित आवास अन्तर्गत सङ्घीय बजेटको २०० घर थप भएकाले ती वडाहरुबाट प्राप्त घरहरुको विवरण सङ्घीय आयोजना कार्यान्वयन इकाई पोखरामा पठाउने निर्णय गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारद्वारा जारी भएको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९ बमोजिम देहायका कर्मचारीहरुलाई देहाय अनुसार हुने गरी तह बृद्धि, तह कायम र स्तरबृद्धि गर्ने निर्णय गरियो ।

तह कायम उक्त अध्यादेशको दफा २८ (१) बमोजिम :

| सि.नं. | कर्मचारीको नाम, थर | हालको तह | कायम हुने तह | कायम भएको सेवा समूह |
|---|---|---|---|---|
| १. | श्री कुमार कंचन जि.सी. | सातौं | आठौं | स्थानीय/सामान्य प्रशासन |
| २. | श्री राजेन्द्र कार्की | सातौं | आठौं | स्थानीय/सामान्य प्रशासन |
| ३. | श्री भेषराज तिवारी | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ४. | श्री विश्व नाथ पौडेल | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |

तह कायम उक्त अध्यादेशको दफा ९ (१) बमोजिम :

| सि.नं. | कर्मचारीको नाम, थर | हालको तह | कायम हुने तह | कायम भएको सेवा समूह |
|---|---|---|---|---|
| १. | श्री अमृत के.सी. | छैटौं | सातौं | स्थानीय/नेपाल ईजिन्जनियरिङ/सिभिल/विल्डिङ एण्ड आर्किटेक |
| २. | श्री नविन पराजुली | छैटौं | सातौं | स्थानीय/शिक्षा/प्रशासन |

तह कायम उक्त अध्यादेशको दफा ९ (३) बमोजिम :

| सि.नं. | कर्मचारीको नाम, थर | हालको तह | कायम हुने तह | कायम भएको सेवा समूह |
|---|---|---|---|---|
| १. | श्री रामचन्द्र हड्खले | छैटौं | सातौं | स्थानीय/सामान्य प्रशासन |
| २. | श्री रविन्द्रलाल मुल | छैटौं | सातौं | स्थानीय/नेपाल ईन्जिनियरिङ्ग/सिभिल |
| ३. | श्री गोकर्णराज वाग्ले | छैटौं | सातौं | स्थानीय/सामान्य प्रशासन |
| ४. | श्री कृष्णराज घिमिरे | छैटौं | सातौं | स्थानीय/सामान्य प्रशासन |

तह कायम उक्त अध्यादेशको दफा ९ (४) बमोजिम :

| सि.नं. | कर्मचारीको नाम, थर | हालको तह | कायम हुने तह | कायम भएको सेवा समूह |
|---|---|---|---|---|
| १. | श्री तिलकुमारी शाही थापा | चौंथो | पाँचौं | स्थानीय/सामान्य प्रशासन |
| २. | श्री यम प्रसाद पौडेल | चौंथो | पाँचौं | स्थानीय/सामान्य प्रशासन |
| ३. | श्री विष्णु कुमार जोशी | चौंथो | पाँचौं | स्थानीय/सामान्य प्रशासन |
| ४. | श्री रामप्रसाद खनाल | चौंथो | पाँचौं | स्थानीय/सामान्य प्रशासन |
| ५. | श्री गोविन्दराज मिश्र | चौंथो | पाँचौं | स्थानीय/सामान्य प्रशासन |

स्तर बृद्धि उक्त अध्यादेशको दफा ४० (१) बमोजिम :

| सि.नं. | कर्मचारीको नाम, थर | हालको स्तर | कायम हुने स्तर | कायम भएको सेवा समूह |
|---|---|---|---|---|
| १. | श्री कुशेश्वर गुरुङ्ग | तृतियस्तर | चतुर्थस्तर | श्रेणीबिहिन |
| २. | श्री तिर्थ बहादुर तामाङ्ग | चतुर्थस्तर | पाँचौंस्तर | श्रेणीबिहिन |
| ३. | श्री सोमे कुमाल | द्धितियस्तर | तृतियस्तर | श्रेणीबिहिन |
| ४. | श्री किसान कुमाल | द्धितियस्तर | तृतियस्तर | श्रेणीबिहिन |
| ५. | श्री हरिबहादुर थापा | चतुर्थस्तर | पाँचौंस्तर | श्रेणीबिहिन |

| | | | | |
|---|---|---|---|---|
| ६. | श्री मन बहादुर कुमाल | चतुर्थस्तर | पाँचौंस्तर | श्रेणीबिहिन |
| ७. | श्री पूर्ण बहादुर नेपाली | चतुर्थस्तर | पाँचौंस्तर | श्रेणीबिहिन |
| ८. | श्री लाल बहादुर कुमाल | चतुर्थस्तर | पाँचौंस्तर | श्रेणीबिहिन |
| ९. | श्री चित्रबहादुर दरै | चतुर्थस्तर | पाँचौंस्तर | श्रेणीबिहिन |
| १०. | श्री रामचन्द्र कोइराला | तृतियस्तर | चतुर्थस्तर | श्रेणीबिहिन |
| ११. | श्री सानु श्रेष्ठ | तृतियस्तर | चतुर्थस्तर | श्रेणीबिहिन |
| १२. | श्री विष्णु बहादुर कुमाल | द्धितियस्तर | तृतियस्तर | श्रेणीबिहिन |
| १३. | श्री लोक बहादुर गुरुङ्ग | प्रथमस्तर | द्धितियस्तर | श्रेणीबिहिन |

तह बृद्धि उक्त अध्यादेशको दफा २८ (१) बमोजिम :

| सि.नं. | कर्मचारीको नाम, थर | हालको तह | कायम हुने तह | कायम भएको सेवा समूह |
|---|---|---|---|---|
| १. | श्री कृष्ण प्रसाद पौडेल | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| २. | श्री विष्णु खड्का क्षेत्री | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ३. | श्री भाग्यशाली ढुङ्गाना | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ४. | श्री दुर्गा प्रसाद पौडेल | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ५. | श्री शंकरदेव पौडेल | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ६. | श्री विनोद वाग्ले | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ७. | श्री अर्जुन कुमार श्रेष्ठ | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ८. | श्री नवराज कंडेल | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |
| ९. | श्री चेत बहादुर दरै | पाँचौं | छैटौं | स्थानीय/सामान्य प्रशासन |

तह कायम उक्त अध्यादेशको दफा ९ (४) बमोजिम :

| सि.नं. | कर्मचारीको नाम, थर | हालको तह | कायम हुने तह | कायम भएको सेवा समूह |
|---|---|---|---|---|
| १. | श्री पदम बहादुर थापा | चौंथो | पाँचौं | स्थानीय/सामान्य प्रशासन |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास १ निवासी रामदेव पन्थले व्यास नगरपालिका समेत विरुद्ध श्री तनहुँ जिल्ला अदालतमा निषेधाज्ञा र अदालतको अवहेलना सम्बन्धी मुद्दा दर्ता गरी सम्मानित श्री तनहुँ जिल्ला अदालतबाट कमशः १५ दिने र २१ दिने म्याद प्राप्त भई व्यास नगरपालिकाको तर्फबाट लिखित जवाफ लेखी सो मुद्दाको पूर्पक्ष गर्न समेत व्यास नगरपालिका कार्यालयमा सहायकस्तर चौंथो पदमा कार्यरत कल्पना देवी पन्थलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।